# जीवनको महत्व

लेखिका

माधवी गुरुमा

Downloaded from http://www.dhamma.digital

# जीवनको महत्व

लेखिका

**माधवी गुरुमा**

प्रकाशक

**अमीर नरसिंह अमात्य**

मुद्रक

**बैद्य प्रिन्टिङ्ग प्रेस**

सौगल टोल, ललितपुर

फोन : ५५४००४५

Downloaded from http://www.dhamma.digital

यो किताबको प्रकाशक दयावान, बुद्ध धर्ममा अगाद श्रद्धा भएको "श्री अमीर नरसिंह अमात्य सपरिवारलाई र शिक्षामा उच्चोत्तम भएको बुद्ध धर्ममा अगाढ श्रद्धा भएको श्री ठाकुरमान शाक्यज्यूले पनि रू. १०००/- सहयोग गर्नु भएकोमा प्रकाशक ज्यू दुबैलाई आयु आरोग्यको कामना गर्दै प्रकाशक श्री अमीर नरसिंह अमात्यले केही कुरा लेखि दिएकोमा वहाँ प्रति म आभारी छुँ। साथै कृतज्ञ सहश्र ज्ञापन गर्दै धन्यबाद दिंदैछु।

**ले. माधवी गुरुमा।**

२०३५

# प्रकाशकको दुई शब्द

संसारको सबै धन मध्ये ज्ञान धन उत्कृष्ट धन हो। धन सम्पत्तिलाई तिलान्जली ज्ञान प्राप्त गर्न माहामानव भगवान बुद्धले जुन तपस्या गर्नु भयो त्यसमा स्मरण मात्रै गरेपनि हामीलाई धनसम्पत्ती कति गौण विषय हो भन्ने बुझिन्छ। धन सम्पत्ती आज छ भने भोली नहुन पनि सक्छ। तर ज्ञान, खास गरिकन नैतिक र चारीत्रिक ज्ञान आजको समयमा अत्यन्तै आवश्यक भएको हुँदा, आजका विद्यार्थीहरूलाई चरित्रवान र नैतिकवान बनाउने उद्देश्यले श्रद्धेय माधवी गुरू आमाले यो "जीवनको महत्व" पुस्तक लेखि जुन पुन्यको काम गर्नु भयो। त्यो काममा अत्यन्तै सानो टुक्रा मात्र भए पनि योग दान गर्न पाएकोमा म आफूलाई धन्य सम्झन्छु। आशा छ, विद्यार्थीहरूले यसमा वर्णन गरिएका ज्ञानको कुराहरूलाई आफ्नो जीवनको व्यवहारमा उतारी असल नागरिक बन्ने छ।

यो पैसाले पाउने ज्ञान होइन भनेर सम्झनु बुद्धिमानि हुन्छ।

**अमीर नरसिंह अमात्य**

लगनखेल

२०६३/१०/२ मा

Downloaded from http://www.dhamma.digital

# मन्तब्य

श्रद्धेयी माधवी गुरूआमाद्वारा लिखित मानवीय व्यवहार तथा जीवन सम्बन्धी पुस्तक "जीवनको महत्व" बारे दुइ शब्द व्यक्त गर्न पाउँदा ज्यादै खुसी लागेको छ । प्रस्तुत पुस्तकमा लेखिकाले मानवीय दर्शनसँग सम्बन्धित प्रत्येक क्रियाकलापहरूको सहज तरिकाले सबैले बुझ्ने गरी वर्णन गरिएको मैले पाएको छु । आजको समाजमा प्रत्येक मानिसहरू सुखका लागि भौतारिरहेका छन् । आनन्दका लागि भौतारिरहेकका छन् । ज्ञानका लागि भौतरि रहेका छन् । यस परिप्रेक्षमा माधवी गुरूआमाद्वारा लिखित यस पुस्तकले पक्कै पनि ज्ञानको सन्देश दिनेछ । मानवमात्रका लागि ज्ञान नै प्रमूख विषय हो । ज्ञानबिना माधव जीवन अन्धकार छ । ज्ञान के हो, कहाँबाट आउँछ र ज्ञान कसरी प्राप्त हुन्छ यस सम्बन्धी प्रस्तुत पुस्तकमा श्रद्धेयी माधवी गुरूआमाले सरल तरीकाले प्रस्तुत गरिएको हुँदा पुस्तक पढ्ने पाठक तथा विद्यार्थी भाइबहिनीहरूले पनि जीवनमा सदाचार तथा सद्भाव बारेमा राम्ररी ज्ञान प्रदान गरी सभ्य र सुसज्जित समाजको निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सक्नेछ भन्ने मैले आभास गरेको छु । अन्त्यमा शील दान तथा आचरण सम्बन्धी लेखन यात्रा भविष्यमा पनि जारी राख्न सकोस् भनी श्रद्धेयी माधवी गुरूआमालाईं हार्दिक शुभकामना दिँदै मेरा मनका दुई शब्दहरू कोर्न अवसर प्रदान गरिएकोमा हार्दिक आभार पनि प्रकट गर्न चाहन्छु । धन्यबाद ।

**दीपक बैद्य**

सौगल, ललितपुर

Downloaded from http://www.dhamma.digital

# विषय-सूची


| | |
|---|---|
| जीवनको महत्व | १ |
| पण्डितजन | १६ |
| मूर्ख | २० |
| पापको फल पाउने कथा पत्थुहरू | २५ |
| सारिपुत्र तथा भुत, प्रेतनीको कथा | २८ |
| मता प्रेतनीको कथा | ३० |
| नन्दा प्रेतको कथा | ३४ |
| मुटुकुण्डली प्रेत कथा | ३७ |
| पिट धीतलिक प्रेतको कथा | ४६ |
| पञ्चपुतखादक प्रेत कथा | ४८ |
| उरग प्रेतको कथा | ५१ |
| चूल्लसेटी प्रेत कथा | ५३ |
| कविता | ५८ |
| असत्त पुरूष | ६२ |
| पापी नबन | ६३ |
| धर्म | ६५ |
| जून | ६७ |


Downloaded from http://www.dhamma.digital

# जीवनको महत्व

## परिचय

जीवनको महत्व किताब किन लेखेको भने हाम्रो मानव जीवन चौरासी जन्म घुमेर बल्ल पाउने अमुल्य महत्वपूर्ण जीवन हो । तर मानव जीवन खालि रूप मात्र मानिस तर स्वभाव व्यवहार जम्मै जनावर भन्दा कम स्वभाव छ ।

मानिस अथवा मानव कस्तो हुनुपर्छ ? विवेक विचारशील, स्वभाव आचरणले पूर्ण हुनु पर्छ ।

सबै काम काज महत्व पूर्ण हुनुपर्छ ।

अब यो सानो किताब पढेर पाठकहरूले केही ज्ञान पाउने छ । वा जीवनको स्वभाव परिवर्तन हुने छ भने आशा गर्दछु ।

मानव जीवन केबल रूपमात्र भइ रहेको छ । भित्र जम्मा दानव स्वभावले पुरी रहेको छ । किनभने जस्तै लुट, पिट, मार, काट, लठालेगी गर्ने, बिगार्ने, नौकसा गर्ने हानिकार गर्ने, गौरव हीन हुने व्यवहार गर्ने, आदर गौरव गर्नुपर्नेहरूलाई दुर्व्यवहार गर्ने, हातपात गर्ने इत्यादि मानवहीन स्वभाव प्रकट गर्ने, तोडफोर गर्ने अर्काको



Downloaded from http://www.dhamma.digital

सम्पत्तिमा केही माया ममता नगर्ने । हानिकारक काम गर्नेमा अघि बढ्ने, उन्नति क्षेत्रमा पाइला हत्ने । वाह्यात काममा अगवा गर्ने, स्कूलमा तोडफोड गर्ने, बाटोमा मोटरसाइकल जलाउने, मोटर जलाउने मुख्य मुख्य रेकर्ड भएको अफिस जलाउने, आफूलाई हानिकारक हुने काम गर्ने । जस्तै रूखको हाँगामा बसेर फेद कात्ने काम गर्ने जस्ता हीन काम गर्ने । देशमा हानिकारक गऱ्यो भने आफै दुःखी हुन्छ भने वेवास्ता नगर्ने, नसोच्ने आदि ।

आफ्नो देश आफैले रितो बनाउने बिचार गर्ने । जति पढ्यो उति उत्श्रृंखल हुने । शिक्षालाई लाट्टाले हान्ने स्वभाव हुने, आफूले आफ्नो जीवनको महत्व गुमाइ दिने । आजकलको मानिसको स्वभाव हो ।

मानव भन्न नसुहाउँने आजकलका मानिसको स्वभाव । मानव हटाइ दानव बनाउने स्वभाव हो ।

होस हराइ बेहोस बनाउने, कर्तव्य हटाई अधिकार मात्र खोज्ने आजकलको मानिसको स्वभाव हो । त्यसले गर्दा मानिसको महत्व गुमायो ।

जीवन दुइ पाङ्ग्राबाट गुडि रहन्छ । १. कर्तव्य, २. अधिकार । यो सँगसँगै भएको भए मात्र जीवनको महत्व बढ्दै जान्छ । आजकल अधिकार मात्र बढी बढी खोज्ने कर्तव्य हराउँदै जान्छ । त्यसकारण घर-घरमा, समाज-



Downloaded from http://www.dhamma.digital

समाजमा, देश-देशमा अशान्ति हुन थाल्दछ ।

घर-घरमा ठाउँ-ठाउँमा जहाँ खोजे पनि शान्ति पाउँदैन । किन मानिसको बिचमा कर्तव्य हीन भयो धर्म हरायो, सहनशीलता हरायो, मैत्रीता हरायो अनि कहाँबाट शान्ति पाउने ? शान्ति न त जंगलमा, न त आकाशमा, न त मन्दिरमा, न त स्वर्गमा हुन्छ, शान्ति मनमा मात्र हुन्छ । जबसम्म मन शान्त हुँदैन तबसम्म जहाँ चिहाएर हेरे पनि शान्ति पाउँदैन । केबल मुखमा मात्र शान्ति शान्ति भनि रहन्छ, भित्र भित्र क्रान्ति बढ्दै जान्छ । क्रान्ति उम्रदै आइरहन्छ । रागरूपि, द्वेष रूपि, मोहरूपि मल जल भर्दै क्रान्तिको बिरूवा बढ्दै, विषको फल फल्दै आइरहन्छ । यो मानवले याद गर्नुपर्ने कुरा हो ।

धर्म केवल पूजा, पाठ, धूप, पुष्प नैबध सिन्दुर मात्र होइन धर्म कर्तव्यमा मात्र हुन्छ । जति धर्महीन हुँदै जान्छ त्यति त्यति घर, समाज, देश र राष्ट्र समेत बिग्रँदै जान्छ, नस्त हुँदै जान्छ । कर्तव्य र सहनशीलता नै शान्तिको जग हो ।

कर्तव्य बिना कुनै शासन चलाउन मुश्किल हुन आउँछ । नत्र मानवहीन भइ दानव मात्र बढ्दै जान्छ । यो धुर्ब सत्य हो ।

महामानव बुद्धले जीवनको महत्व बढाउन मानवले



Downloaded from http://www.dhamma.digital

आचरण गर्नुपर्ने शील शिक्षा दिनु भएको छ। जब सम्म शीलको आचरण गर्दैन तब सम्म मानव बन्दैन।

शील किन आवश्यक हुन्छ ? यदि शील पालन गरेको व्यक्तिले

१) प्राणी हिंसा गर्दैन प्राणी हिंसा नगरेपछि उसले सबैलाई माया, दया गर्छ। अनि उदेखि कुनै प्राणी दराउँदैन। मैत्रीता बढ्दै जान्छ। सबैले हेलमेल गर्न थाल्दछ। ऊ प्रति वैर भाव हुँदेन। जोसँग पनि मेलभाव हुन्छ। अनि शान्ति मिल्छ। चाहे पशु नै किन नहोस्, सबै मिलनसार भएर आउँछ।

**२. चोरी गर्दैन :**

त्यसले गर्दा सबैले आफूलाई पत्यार गर्दछ। इमान्दार भाव बत्ति ल्लिरहन्छ। चोरी नगरेको मानिसले चामलमा बालुवा मिसाउँदैन, घिउमा बोसो मिसाउँदैन, चिनीमा पानी राख्दैन, गेडागुडीमा ढुङ्गा राख्दैन, मट्टितेलमा पानी राख्दैन आदि कसर गर्ने काम कुनै पनि गर्दैन यदि सबैले त्यो मनोभाव राख्यो भने न त देश विदेशबाट आएको पैसा हुल कुल सुल हुन्छ। नत्र अद्दा अदालतमा घूस खुवाउनु पर्छ। मानव बीचमा अस्तित्व बढ्दै गइ देश उन्नति काममा सुधार आइ हाल्छ।



Downloaded from http://www.dhamma.digital

३. **व्यभिचार** :

परपुरूष, परस्त्रीगमन गर्दैन । त्यसले गर्दा घर-घरमा कलह हुँदैन । दुई दम्पत्ति बीचमा दया, माया भइरहन्छ । नचाहिँदो कल्पना गर्नु नपरेकोले अरू कल्पना राम्रो काममा उपयोगी गर्न मौका पाइ रहन्छ । जता गए पनि शान्ति शान्ति मिल्छ, भ्रान्ति हुँदैन । यो बुद्धको शिक्षा हो ।

४. **झूठ नबोल्नु** :

यो शिक्षाले मानव जीवनमा सबैभन्दा पालन गर्न मुस्किल परेको शीलको अंग हो । किनभने यो होसै नभइकन ख्याल ठट्टा गर्ने बानिमा पनि प्रयोग हुन्छ, व्यापारीहरूलाई ठूलो बाधा हुने शीलको अंग हो ।

यदि यो शील पालन गऱ्यो भने जुनसुकै ठाउँमा देश, विदेश विश्व भरीनै पत्यार हुने विश्वास गर्ने शील हो । मानिसलाई सबैले पत्यार गर्दछ । उसले भनेको कुरामा विश्वास राख्दछ । अति गहिरो सन्म्मान पाउने छ ।

५. **सुरामेर (मद्यपान नगर्ने)** :

यो पाँचौ शीलको ठूलो महत्वपूर्ण हुन्छ । जब मानिसले मद्यपान गर्न थाल्दछ, उसलाई न त इज्जतको सवाल हुन्छ, न त मित्रता नै हुन्छ, न त कसैले पत्यार



Downloaded from http://www.dhamma.digital

गर्छ । ऊ एकै दिनमा जति सुकै ज्ञानि-गुणी भए पनि ऊ दानव बन्न थाल्छ। यसले यो पाँचै वटा शील एकै लातमा खतम गर्न खोज्छ। उसले जसलाई मार्न पनि तयार, चोर्नलाई पनि तयार, त्यहाँ आइमाइलाई व्यभिचार गर्नलाई पनि तयार, झूट बोल्नलाई पनि तयार। पाँचै वटा एकै दिनमा सिध्याइ दिन्छ । त्यसकारण यो मद्यपान सबैभन्दा डेन्जर र भयानक छ । यो सेवन गर्नु बिलकुल हुँदैन । यसले माहा दानव बनाइदिन्छ ।

अब आएर किन बुद्धले शील पालन गर्नु पर्छ भनेर ओवाद दिनु भयो ? संसारमा प्राणी जन्मपछि सबैलाई रूपको अति जरूरी पर्छ । चाहे प्राणी होस् या मानिस होस्। रूप राम्रो मानिस भयो भने चाहे स्त्री होस् वा पुरूष होस्। रूप राम्रो भयो भने दम्पति जीवनमा पनि दुबै सन्तोष हुन्छ । रूप हेर्दा हेर्दै मख्ख परिरहन्छ ।

रूप राम्रो भएको व्यक्तिलाई जुनसुकै स्थानमा पनि मौका पाउँदछ। रूप पनि एक प्रकारको धन बराबर हुन्छ । त्यसकारण रूप राम्रो हुनको निम्ति शील पालन गर्ने उपदेश दिनु भएको हो ।

पशु पंछि किन नहोस्, यदि प्राणी राम्रो भयो भने उनीहरूलाई पनि मोज मज्जा गरी बस्न पाउँदछ । सबैले माया गर्छ । जस्तै कुकुर, बिरालो, मुसा विभिन्न



Downloaded from http://www.dhamma.digital

पंछीहरू। उनीहरूलाई राम्रै सु-स्याहार गरेर राख्दछ। यदि नराम्रो भयो भने कुनै प्राणीलाई पनि राम्रो स्थान पाउँदैन वा पाल्दैन।

त्यसकारण जीवनको सबै अंग पूर्ण गर्नको निम्ति शील पालन गर्नु अति आवश्यक छ।

शील ग्रहण गर्नलाई दराउनु पर्दैन। हिचकिचाउनु पर्दैन। यसको सन्दर्भमा एउटा कथा प्रस्तुत गर्दछु।

बुद्धकालिन अवस्थामा 'सिरिमा' (नगर सोभिनी) बेश्या एक जना थिइन्। यो केटी अति राम्री थिइन्। बयान गरेर साध्य छन। आँखा, नाक, मुख शरीरको अंग, प्रत्यङ्ग सबै अति राम्री थिइन। जसले उसलाई हेर्छ, उ मुग्द भएर तोलेर हेरी रहन्छन्।

एक दिन साधु भिक्षु दिनचर्या अनुसार भिक्षा चरण गर्न आइरहेको थियो। त्यस बेलामा त्यहि केटीले त्यो भिक्षुलाई भोजन भिक्षा दान दिन आइन्। भिक्षुले ती केटीलाई पुलुक्क हेर्‍यो, आँखा लाग्यो। भिक्षा चरण सके पछि बिहारमा आफ्नो स्थानमा गयो। तर त्यो भिक्षुलाई ती आइमाइको रूप देखेर त्यस्को सम्झनाले न त खाने इच्छा भयो, न त सुत्ने इच्छा भयो। त्यहि आइमाइ कहाँ भेत्ने, कहाँ गएर हेर्ने, त्यो मात्र कल्पना आइरह्यो। न त ध्यान, न त ज्ञान।



Downloaded from http://www.dhamma.digital

त्यहि बेलामा ती 'सिरिमा' केटी बाइचान्सले पेटको रोगले छटपटेर मऱ्यो भनेर खबर पायो। अनि त्यो भिक्षु झन छटपट भयो।

त्यहि समाचार बुद्ध कहाँ पुग्यो। भिक्षु एकजना 'सिरिमा' भनेर छटपटाइ रहेको छ भनेर। अनि बुद्धले ती आइमाइलाई मृतक शरीरलाई जलाउन रोक्न लगायो। समसानमा त्यसलाई नजलाईकन त्यो भिक्षुलाई हेर्न लगाई ध्यान बस्न लगायो।

हाम्रो शरीर यो कराइ रहेको सास अन्त गए पछि हाम्रो जतिसुकै राम्रो भएको शरीर पनि दिन प्रति दिन बिनास भएर जान्छ। त्यो आइमाइ ३, ४ दिन पछि फुलेर आयो, मासु पगलेर आयो, छाला छुटेर मासुमा किरा परेर आयो। दुर्गन्ध बढ्दै आयो, मासु झर्दै गयो। हाडै हाड भएको यो परिवर्तन शरीर देखाएर त्यो भिक्षुलाई बुद्धले सोध्नु भयो - आयुस्मान ! तिमीलाई मन पर्ने ती केटी लैजा कोठामा राखीराख भन्दै आज्ञा दिनुभयो। त्यसबेलामा त्यो भिक्षु छक्क परेर मनमा अनित्य शरीर नासवान शरीर भनेर थाहा पाउनु भयो। पछि उसको मन बोध भएर मार्ग फलमा प्रतिस्थित हुनुभयो।

रूपले यति मन तान्छ कसैलाई बाँकी राख्दैन। न त साधारण व्यक्ति, न त मार्ग फल नपाएका महा पुरूष



Downloaded from http://www.dhamma.digital

नै किन नहोस्। रूपले जसलाई पनि तान्न सक्छ। रूप अति महान हुन्छ।

**दान** : हामीले किन दान दिनु पर्छ ? दानको महत्व कति महान छ ? बुद्धले जन्म जन्ममा दान दिएर भन्नु भयो कि यदि मैले जस्तो दानको महत्व बुझे कुनै मानिसले पनि दान नदिकन खाने वाला हुँदैन भनेर भन्नुभयो।

संसारमा सबै मानिसको बीचमा धनी हुनु अतिनै मन पर्छ, चाहाना हुन्छ। तर सबैजनाले काम काज खोजि खोजि काम गरी रहन्छ, तर सबै महाजन हुन सक्दैन, भएन पनि। जसले पूर्व जन्ममा दान, धर्म गरेको छ, त्यहि मात्र धनि मानिस भएर अलिकति काम खोजे पनि तेल पोख्ने जस्तो फिजेर प्रसस्त धनी भएर महाजन कहलाउँछ। यो धनि हुने साधन दानको प्रभाव हो।

**दानको फल** : चार प्रकारका हुन्छन्।

१) आफूले मात्र दान दिने, अरूलाई दान दिन लगाउँदैन। त्यसको फल के हुन्छ भने अर्को जन्ममा धन प्रसस्त हुन्छ। तर सन्तान हुँदैन।

२) आफूले पनि दान गर्दैन अरूलाई पनि दान दिन लगाउँदैन। त्यसको फल धन पनि हुँदैन, जन सन्तान पनि हुँदैन।



Downloaded from http://www.dhamma.digital

३) आफूले पनि दान गर्छ, अरूलाई पनि दान गर्न आउ भनेर बोलाइकन दान दियो भने अर्को जन्ममा धन पनि प्रसस्त हुन्छ। सन्तान पनि प्रसस्त हुन्छ।

४) आफूले दान गर्दैन अरूलाई मात्र दान दिन लगायो भने जनशक्ति (सन्तान) धेरै हुने धन हीन भएर गरीब हुन्छ। सन्तान धेरै हुन्छ।

यो घटना हाम्रो संसारमा भइरहेको कुरा हो। त्यसकारण हाम्रो जीवनमा जीवन निर्वाह गर्न धन पनि अति आवश्यक छ, रूप पनि आवश्यक छ।

**भावना :**

भावना ४ प्रकारका छन् :

१) सत्य पठ्ठान भावना

२) आना पाना भावना

३) कठिन भावना

४) विपस्सना भावना।

मोटामोटी भन्ने हो भने भावना मनलाई एकत्रीत गर्नेलाई भावना भनिन्छ।

**१) सत्य पठ्ठान भावना :**

भावना कसरी गर्ने, तरीका आफ्नो मन आफूले ध्यान गरेर हेर्ने याद गर्ने, कुरा गरी रह्यो भने कुरा गरी रहे। उभि रहेको छ भने म उभि रहे। काम गरी रहेको



Downloaded from http://www.dhamma.digital

छ भने म काम गरी रहे भने मनले ख्याल गरी रहने । त्यस्तो गर्दाखेरी के हुन्छ भने उपमा एउटा ठूलो बातामा सफा पानी राखेर खूब हातले पानीमा घुमाउने, अति केही वेर छोड्ने, पछि त्यसमा भएको पानीमा केही कसर भएको जम्मा छर्लङ्ग देखिन्छ। त्यस्ते आफ्नो मनको राग उत्पति भएको, द्वेष उत्पति भएको मोह उत्पति भएको सबै मनको कसर छर्लङ्ग देखिन्छ।

अनि राम्रो चित्त आएकोलाई कुशल बढाइ दिने । नराम्रो आएकोलाई हटाइ दिने, फ्याकि दिने यो फाइदा भयों ।

**२) आना पाना ध्यान :**

स्वास प्रस्वासमा ध्यान दिने यो पनि चितलाई कन्ट्रोल गरी राख्ने, चित्त आफ्नो बसमा राख्न सके सुख, शान्ति प्राप्त हुन्छ। मन्दिर भित्र सुख खोज्न जानु पर्दैन। आफूसँग सुख प्राप्ती हुन्छ। यसले शरीरलाई निरोग्य बनाइ दिन्छ। अनेक प्रकारका बुद्धि उपलब्धी हुन्छ। अनुहार राम्रो हुन्छ। कोमल स्वभाव हुन्छ। सबैले प्यारो गर्न थाल्दछ। मनमन सदैव शान्ति प्राप्त हुन्छ। तेजिलो देखिन्छ, आदि। बुद्धि बढेर आउँछ।

**३) कठीन भावना :**

यो भावना गर्दाखेरी स्मृद्धि प्राप्त हुन्छ। यसमा रङ्ग



Downloaded from http://www.dhamma.digital

भएको आफूलाई मन पर्ने रङ्गको चकी भित्तामा राखि मन एकाग्र गरी हेरीरहने। यो पनि मन कन्ट्रोल गर्ने तथा सबै मनलाई एकत्रीत गर्ने साधन हो। यो ध्यान गऱ्यो भने स्मृद्धि प्राप्त हुन्छ।

**४) विपस्सना :**

यो उचोत्तम भावना हो। यो पनि मन कन्ट्रोल गर्न नसके गर्नु सक्ने ध्यान होइन। आफ्नो शरीरमा स्वभाविक चलि रहेको स्वभाव धर्मलाई मनले राम्रै हेरबिचार गरेर हेरिरहने र की त नाकको चुच्चोमा सासको याद गरिरहने। यदि मन छिन छिनमा बाहिर गयो भने टाउकोको टुप्पो देखि स्वासलाई याद गरेर शरीरको भाग भागमा सास प्रस्वास राखि खुट्टाको पाउ सम्म याद गर्ने। फेरी पाउदेखि टाउकोको टुप्पा सम्म मन राख्ने र स्वासलाई याद गर्ने।

यो मार्ग फल प्राप्त गर्न सक्ने ध्यान हो।

ध्यान भावना गर्ने बेलामा प्राप्त हुने फल :

१) शान्त स्वभाव हुनेछ।

२) मन आनन्द हुनेछ।

३) रोग ब्याधि कम हुनेछ।

४) नयाँ नयाँ ज्ञान लाभ हुनेछ।

५) खाना कम खाए पनि बलियो भई बाँच्न सकिन्छ।



Downloaded from http://www.dhamma.digital

६) चित्त स्थिर भइ रहन्छ ।

७) शरीर हलुका भइ स्वस्थ हुनेछ ।

८) लोकप्रिय हुनेछ ।

९) मानसिक रोग हुँदैन । साथमा साधारण रोग निको भएर जान्छ ।

१०) स्मरण शक्ति बढ्नेछ ।

११) विस्मृती भएर मर्नु पर्दैन ।

१२) नर्कवास हुनु पर्दैन ।

१३) देवी देवताहरूले सदैव रक्षा गरिरहन्छ । माया गर्छ ।

१४) सदैव कोमल स्वभाव भइ रहन्छ ।

१५) छल कपत गर्ने स्वभाव हुँदेन । आदि ।

बुद्ध धर्ममा मार्ग ४ प्रकारका छन् :

१) श्रोता पनि मार्ग फल ।

२) सकृतागामि मार्ग फल ।

३) अनागामि मार्ग फल ।

४) अरहन्त मार्ग फल ।

यो ४ मार्ग फल प्राप्त गर्न सक्यो भने निर्वाण मार्ग फल प्राप्त गर्न सकिन्छ ।

१) को फल प्राप्त भयो भने पाँच चोटि मात्र जन्म लिनु पर्छ । नर्क लोकमा जानु पर्दैन । धर्ममा संखालु र कलंक हुँदैन । मार्ग सिद्ध हुन्छ, शुद्ध धर्ममा संखालु



Downloaded from http://www.dhamma.digital

हुँदैन ।

२) को फल प्राप्त भयो भने ३ चोटि मात्र जन्म लिनु पर्नेछ । आफ्नो मनको क्लेस पाटलो भएर जान्छ ।

३) को फल प्राप्त गर्न सक्यो भने २ चोटि मात्र जन्मनु पर्छ । सबै प्राणी प्रति मैत्रीता बढी हुन्छ । राग, द्वेष, मोह कम भएर जान्छ । हसिलो अनुहार हुन्छ । जसले जे भने पनि रीस हुँदेन ।

४) को फल प्राप्त भयो भने एक चोटि पनि जन्म लिनु पर्दैन । दुःखबाट मुक्त हुन्छ । निर्वाण प्राप्त हुन्छ । जीवन सफल हुन जान्छ ।

बुद्धले किन भावना गर्नु पर्छ भनेर उपदेश दिनु भयो ? यो पनि हाम्रै निम्ति हो ।

ध्यान गर्‍यो भने प्रज्ञा, ज्ञान परिपूर्ण भएको व्यक्ति हुन्छ । "पञ्ञा नरानंरतन" प्रज्ञा समान रत्न अरू कुनै प्रकारको रत्न हुँदैन । जस्तै हिरा, मोति, ज्वाहारात, आदि भन्दा बहुमुल्य सामान हुन्छ । प्रज्ञा नभएको व्यक्ति कुनै प्रकारको काम गर्न उपयोगी हुँदैन । प्रज्ञा नभएमा व्यक्तिले कुनै प्रकारका उन्नति, विकास गर्न सक्दैन । प्रज्ञाको विसलेशन अपार छ । सागरको बालुवा समान अपार हुन्छ । मोटामोटी मात्र लिने हो भने, मानिस हेरी कुरा, काम गर्न जाने । अनेक कोठामा धंग पुर्‍याएर



Downloaded from http://www.dhamma.digital

सिंगार गर्न जाने । थोरी साधनबाट धेरै कमाउन जाने । अनेक प्रकारका चीज बस्नु हिफाजत गर्न जाने । सानो बुद्धि दिए पनि ठूलो ज्ञान पाउने । तेल बृद्धि भएको हुन्छ । प्रज्ञावान व्यक्ति ठूलो मानिस बन्छ । विद्वान विद्वान व्यक्ति बन्न जान्छ । सबैलाई हीत उपकार काममा उपयोगी हुन जान्छ ।

हाम्रो जीवनमा नभइ नहुने ३ वटा साधन हुन् : दान, शिल र भावना । यो हाम्रो जीवन सुख भए बनाउन कल्याण कारी साधन हो ।

बुद्धले मानिसको जीवनमा महत्व बढाउनको निम्ति दिनु भएको अमूल्य रत्न हो ।

□□□

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# पण्डितजन

पण्डित कसलाई भनिन्छ ? पण्डितको स्वभाव अति सह्नशील हुन्छ । कोमल स्वभाव हुन्छ, बोलिमा अति आदर भाव हुन्छ । जहिलेपनि सिर झुकी रहन्छ । हिडाइ दुलाईमा नरम हुन्छ । बिरालो हिउँने जस्तो नरम भावले आवाज न निकाली हिडी रहन्छ । जहाँ गए पनि ढोका बन्द गर्दै हिड्छ । सदैव हँसिलो स्वभाव हुन्छ । कहिले थारो बोलि बोल्दैन । कहिले रिसाउँदैन ।

**काम** :

उनीहरूका काम परउपकारी हुन्छ । आफ्नो थोरै आर्थिकले अरूलाई हीत हुने काम भइ रहन्छ । परपकारी काममा सदैव तत्पर भइ रहन्छ । अल्छि भाव हुँदैन । कम मात्रामा सुत्ने गर्छ । नराम्रो काममा लजालु हुन्छ । हीत हुने काममा अगुवा हुनेछ । निन्दा हुने काम गर्न हिचकिचाउने हुन्छ । दुःखि, गरीब देखि करूणामय भाव भइरहन्छ । सदैव उपकार हुनेक ाममा अगुवा हुन्छ ।

**समय** :

एक सेकेण्ड पनि फाल्दैन । समयको महत्व



Downloaded from http://www.dhamma.digital

बुझाउँछ। एक एक मिनेटको सदुपयोग गरिरहन्छन्।

**खाना :**

पण्डितहरूले हामीले जस्तै मीठो भयो भने धेरै खाने, नमिठो भयो भने नखाने यस्तो हुँदैन। सिमित रूपले खाना खान्छ। दैनिक जीवनमा काम चलाउनको निम्ति हिसाब किताब गरेर यति खायो भने यो खानाबाट यति ाकाम गर्न सकिन्छ र गर्नु पर्छ भन्ने धारणा हुन्छ। धेरौ खाने थोरै काम गर्ने त्यस्तो गर्दैन। काम अनुसार माम हुन्छ। माम अनुसार काम हुन्छ।

**निन्द्रा :**

पण्डितजनहरू धेरै समयसम्म सुत्दैनन्। केही समयसम्म मात्र सुत्छन्। जति नीच हुन्छ क्षुद्र हुन्छ, त्यति त्यति बढी सुत्छ। धेरै सुत्यो भने बुद्धि हीन हुन्छ। अल्छि लाग्ने छ। उन्नति गर्न सक्दैनन्। यसको सम्बन्धमा एउटा सानो कथा प्रस्तुत गर्दछु।

"गन्धर्ब" भन्ने एउटा केटा थियो। उसको शरीरको अंग बदी लक्षणको हुन्छ। अनुहारमा जहिले पनि मुस्कान हुन्छ। ठूलो स्वरले कराउँदैन। ठूलो स्वरले हास्दैन। जहिलेपनि मुस्काउँने मात्र हुन्छ।

उसले अर्काको मर्का पर्ने जस्तो धन कमाउदैन। लोभि स्वभावको हुँदैन। बडो सन्तोषि स्वभावको हुन्छ।



Downloaded from http://www.dhamma.digital

मेहेनती, धेरै सुत्ने बानि हुँदैन। थोरै खाने, धेरै काम गर्ने खालको मानिस थियो।

उसको जीवन केवल परोपकारमा व्यस्त हुन्छ। उसको धन पनि उपकारको निम्ति मात्र प्रयोग भइरहेको हुन्छ। दान धर्म गर्नेमा दत्तचित्त भइ लागिरहन्छ। आफू खाने, आफू मात्र लगाउने भावको पटक्कै हुँदैन।

कुनै साधू शन्त देखयो भने तुरून्त भेत्न जाने, सम्मान गर्न जाने, सार ज्ञान उसबाट लिन खोज्ने आदि उसको बानी हुन्छ।

सबै प्राणीलाई दया, माया गरी रहन्छ। असत पुरूषसँग संगत गर्दैन। साथीहरू पनि जो पायो उसँग संगत गर्दैन। कुरा गर्ने बित्तिकै यो साथी संगत गर्न योग्य छ वा छैन भनेर तुरून्त दिमागले जोख्न थाल्दछ। अनि उसँग चित्त नदुख्ने गरी थोरै मात्र संगत गरेर छोडी दिन्छ।

सज्जन तथा सत्पुरूषहरू मात्र उसँग संगत गर्दछ। त्यस कारणले उसको धन न त कसैले थम्न सक्छ, न त वाह्यात काममा खर्च हुन्छ।

उसको राम्रो स्वभाव देखेर सबैले जुनसुकै ठाउँमा पनि आदर गर्छ, सम्मान गर्दछ। सबैले उसको कुरामा आदर भाव राख्दछ।



Downloaded from http://www.dhamma.digital

त्यसकारण उ जता गए पनि सुखी हुन्छ । उसलाई आनन्द भाव हुन्छ । यो किन भयो, आफ्नो राम्रो स्वभाव भएकोले पण्डित स्वभाव भएकोले उसको जीवन महत्वपूर्ण भइ जीवन बिताइ रहन्छ ।

भाइ, बहिनीहरू ! हाम्रो जीवनमा महत्व बढाउने इच्छा छ भने कुसंगत नगर । आफ्नो शील स्वभाव राम्रो पार्नु पर्छ । सबैलाइ परोपकार गर्ने बानि बसाल्नु, नोक्सान हुने काममा हात नहाल्नाले आफ्नो जीवनको महत्व बढ्दै जान्छ ।

□□□

Downloaded from http://www.dhamma.digital

# मूर्ख

**मुर्ख कसलाई भनिन्छ ?**

असत पुरूषलाई मूर्ख भनिन्छ ।

**स्वभाव वा चरित्र**

उसको स्वभाव जंगली हुन्छ । बोलाइ, हिंदाइ हरेक कामकाजमा जंगली स्वभाव हुन्छ । जहाँ बसे पनि अनुशासन हीन गरी अरूलाई हानिकारक हुने गरी बसि रहन्छ । जस्तै टेबुल बजाइ, खुट्टामा आवाज दिइ, ठूलो ठूलो सोर निकालि, जे गर्दा पनि अरूलाई बाधा पुऱ्याउने खालको स्वभाव निकाली काम गरिरहन्छ ।

**काम**

जहाँ गए पनि साथीभाइ वा कुनै व्यक्ति संग झै-झगडा गरेर आउँदछ । केही निहुँ खोजेर कुट्ने, पिट्ने काम गर्न थाल्दछ ।

जहाँ गए पनि बिगार्ने काम गरी रहन्छ । बोलि पनि छुच्चो हुन्छ । जंगली स्वभाव भएर जरङ्ग झोक्ने स्वभावको हुन्छ ।

जसको खाना पनि खोसेर खान थाल्दछ । पसलमा लूटपाट गर्ने, थग्ने स्वभाव हुन्छ । केही भन्यो भने



Downloaded from http://www.dhamma.digital

हतियार देखाएर धम्कि दिन खोज्दछ।

जहाँ तहिं नराम्रो चित्र कोरी बसि रहन्छ। खालि असत्त पुरूष मात्र संगत गर्न खोज्छ। ज्ञान गुणको कुरा केही सुन्न मन लाग्दैन।

उपदेश दियो भने उल्ता थान्दछ। यस्तो ज्ञान मलाई अप्थ्यारो हुन्छ भनेर कान बन्द गरी हिद्छ। जति ज्ञान दियो उति कुखुरालाई हिरा दिंदा खानुकरा होइन भनेर खुट्टाले मिल्काइ दिने जस्तो गर्दछ। जसले उपदेश दिन्छ उसैलाई लाताले हान्ने जस्तै गर्दछ। मसँग लिन आउ यो ज्ञान भन्दै हिड्छ। अनेक बिघ्न बाधा हुने काम मात्र गरिरहन्छ। उठे पनि नहुने बसे पनि नहुने गरि सबैलाई बाधा अर्चन गरिरहन्छ।

"एउटा गाथा छ। उपदे साहि वालानं कोपाए ओ पवतते" वाल मूर्खलाई उपदेश दियो भने आफूलाई नै हानीकारक हुनेछ।

यसको सन्दर्भमा एउटा कथा प्रस्तुत छ :

एउटा जंगलमा ठूलो रूख थियो। त्यसमा अनेक पंछीहरू बास बस्न आउँथे। विभिन्न पंछीहरूले आफ्नो तालको गुड बनाइ बसिरहेका थिए।

त्यहि जंगलमा बाँदरहरू पनि धेरै थिए। एक दिन होइन दुई दिन होइन संयोगबस धेरै पानी परिरहेको



Downloaded from http://www.dhamma.digital

थियो । त्यस बेलामा बाँदरहरू निथ्रुक्क पारी जिउ जम्मै पानीले भिजाइ थुरू थुरू काम्दै बसिरहेका थिए ।

अनि माथि रूखबाट पंछिहरू आ-आफ्नो गुडबाट बाँदरहरूलाई हेरि रह्यो । अनि उनीहरूका बीचमा मनमनै कुरा भइ रह्यो, हेर बाँदरहरूका हात, खुट्टाहरू छन् । हेर्दा मानिस जस्तै हुन्छ । तैपनि आफूलाई चाहिने बास एउटा पनि बनि बस्दैनन् । कति अल्छि भइरह्यो । एक चोटि भन्न् जानु पऱ्यो भनेर मनले थाम्नै नसक्ने भयो, अनि भने एक पछिले वल आएर ए बाँदर दाईहरू, तपाइमा हात खुट्टा छन् । हामी जस्तै, एउटा चुच्चो मात्र होइन हामीले एउटा मुखबाट पराल वा सिन्का ल्याएर पाट राखेर गुड बनाइ पानीबाट नभिजिकन आफ्नो गुँडमा सुखसंग बसि रहे । तपाइहरू पनि हात खुट्टा भएका दाइहरूले आफू सुख संग बस्न एउटा बासको व्यवस्था गर्नुस्न भनेर उनीहरूलाई भन्न गयो ।

अनि ठूलो आँखा गरी टिटिरालाई हेरी - "तिमी जस्तो सानो पंछिले हामीलाई उपदेश दिन आउनु पर्छ ।" भनेर तुरून्त रूखमा चढी उनीहरूका गुँड लथा लिंग गरी झिकी तल फ्याँकी दियो । चराहरू जम्मै अलपत्र परे ।

अनि उनीहरूले मोहफतमा यस्तो मुर्खहरूलाई दया



Downloaded from http://www.dhamma.digital

माया गर्नु बेकार भयो। हामीले यति मेहेनत गरेर बनाइ राखेको गुँड सबै सखाप पारी दियो। अब फेरी बनाउनु पर्‍यो भनेर सबै खोज्न गए।

ती बाँदरहरूले पंछिहरूले यति भने देखिनै जहिले पनि रूख माथि बरोबर हेरी उनीहरूका गुँड बने भने चक्नाचुर गरि दिन्छु भनेर ताःक पारी रहन्छ।

त्यस कारण यदि मुर्खलाई उपदेश दियो भने आफूलाई हानि गर्ने बाटो हुन्छ।

संसारमा मूर्ख एकजना जन्म भयो भने, परिवार, समाज, देश र राष्ट्र समेत चकनाचुर हुन्छ। उनीहरूलाई ज्ञानको भण्डार राख्ने ठाउँ नै हुँदैन।

त्यसकारण बुद्धले उपदेश दिनु भएको छ - "बाल मूर्ख सत-संगत नगर्नु नै उत्तम मंगल हुन्छ" भनेर भन्नु भएको कुरा सत्य हो। तथ्य हुन आउँदछ। मूर्ख संग संगत नगर्नु उत्तम मंगल हुन्छ।

मानिस सामाजिक प्राणी हुन्। त्यसकारण समाज बिना अलग बस्न सक्देन। जस्तै माछा र पानीको कति सम्बन्ध हुन्छ। त्यस्तै समाज र मानिसको सम्बन्ध हुन्छ।

**समाजमा बस्न मानिसमा के के हुनु पर्छ ?**

१) हिरी ओतप हुनु पर्छ यसको अर्थ लाज भएको मानिस हुनु पर्छ।



Downloaded from http://www.dhamma.digital

२) लोख र समाजलाई आदर भाव भएको मानिस हुनु पर्छ ।

कसरी आदर गर्ने ? लोकले समाजले गिज्याउँ केही भन्छ कि, हेला गर्छ कि, उपहास गर्छ कि भयावह हुन्छ कि त्यस्तै अनेक दर भाव भएको मानिस हुनु पर्छ ।

यदि समाजको दर नभएको व्यक्तिले जे पनि गर्न सक्छ । अर्थात अत्याचार, दकैति तथा अन्य विभिन्न नराम्रो काम गर्न सक्छ ।

जस्तै पञ्चशीलमा जति काम काज छ त्यो सबै दुशीत काम गर्न थाल्दछ । मार्ने, चोर्ने, व्यभिचार गर्न झूठो बोल्ने, रक्सि खाइ जथाभभावि चलिरहने, अनुष्य बन्ने यो सबै समाजको दर नभएका व्यक्तिले गर्ने काम हो । जब समाजलाई हेला गर्छ, त्यो मानिस गतिलो हुन सक्दैन । त्यो मानिस कि त दाका हुन्छ, कि त मुर्ख हुन्छ । समाजमा केही काम नलाग्ने पृथ्वीलाई भार तथा बोझ बनाएको व्यक्ति हुन्छ । यो मानिस यस लोकमा मात्र पटन हुने होइन परलोकमा पनि नर्कमा गएर दुःख भोग गर्न जान्छ । आदि ।

❑❑❑



Downloaded from http://www.dhamma.digital

# पापको फल पाउने कथा पत्थुहरु

## मोजक प्रेतको कथा

रातको समयमा आयुष्मान सारिपुत्रलाई प्रेतले आफ्नो रूप देखाएर उभि रहेको थियो। त्यस बेलामा सारिपुत्र भन्तेले त्यस प्रेतलाई सोध्नु भयो - तिमी निल बस्त्र नराम्रो रूप भइरहेको छ। तिम्रो शरीरमा रगत र मासु नभएर पञ्जर जस्तै देखि रहेको छ। धेरै डुब्लो भएर कवं जस्तो भइ रहेको छ। किन यहाँ आएर उभि रहेको ?

प्रेतनीले सारीपुत्र भन्तेलाई यस्तो जवाफ दियो - भन्ते ! म यमलोकको दुर्गतिमा परिरहेको प्रेत हो। पाप कर्म गरेकोले मनुष्य जन्मबाट प्रेत भइ जन्म भयौ।

प्रेतको कुरा सुनेर सारिपुत्र भन्तेले फेरी सोध्नु भयो - तिमीले शरीर, वचन र मनले के पाप कर्म गरेर आएको ? के पापको फलले प्रेत लोकमा जन्म हुनु भएको ?

प्रेतनीले जवाफ दिनुभयो - भन्ते ! मलाई माया गर्ने



Downloaded from http://www.dhamma.digital

आमा, बा, नाता कुतुम्ब कोहि छैन। श्रमण, ब्राम्हण, साधु, सन्तहरूलाई शुद्ध चित्तले दान गरेर पुन्य प्रदापन गर्ने कोहि छैन।

त्यसकारण म पाँचसय वर्ष सम्म खानपिन हीन भइ निरबस्त्र भएर जन्म लिइरहनु परेको हो। पूर्व जन्ममा पापकर्म गरेको पापको फल भोग्नु परेको हो।

भो भन्ते मैले शुद्ध चित्तले तपाईलाई बन्दना गर्दै छु, त्यहि प्रभावले मेरो निम्ति यो प्रेतलोकबाट मुक्त गरिदिनुस्। मेरो निम्ति केही दान, पुन्य गरेर मलाई पुन्यानुमोदन गरिदिनुस् भन्ते !

भन्तेले हुन्छ भनि दयावान भन्तेले उसको निम्ति भिक्षुहरूलाई भोजन दान गरि साथमा बस्त्र पनि दान गरि दिइ उसलाई पुन्य दान गराउनु भयो।

यहि पुण्यले उसलाई खानपिन र बस्त्र आदि प्राप्त भयो। त्यसबेला प्रेतनी शुद्ध चित्त भएर बस्त्रधारी रूप धारी भएर काशी देशमा भन्तेकहाँ आउनु भयो। अति राम्रो रूप देखेर सारिपुत्र भन्तेले प्रेत संग सोध्नु भयो - भो देवी ! चार दिशामा तेज प्रकास फैलाइ राम्रो रूप वर्ण धारण गरी यहाँ उभिन आयो। केको प्रभावले यस्तो रूप रंग प्राप्त भयो ?

प्रेतनीले - तपाइ जस्तो दयावान भन्तेले अनुकम्पा



Downloaded from http://www.dhamma.digital

सहिसत म दुःख, कृष्ट भएकोलाई दान, धर्म गर्नु भएर म यस्तो रूप धारण गर्न पाएँ। धन्य तपाई।

तपाईले विभिन्न रसले भरीपूर्ण भएको खाना र कपडा दान दिनु भएर मलाई सम्पूर्ण प्राप्त भयो भन्ते।

यहि कारणले सबैपूर्ण भएको रूप धारण गरी तपाईलाई बन्दना गर्न आइरहेको हो।

□□□

Downloaded from http://www.dhamma.digital

# सारिपुत्र तथा भूत, प्रेतनीको कथाः

सारिपुत्र भन्तेकोको पूर्व जन्मको आमा प्रेत भएर जन्म लिएर भन्तेको विहारमा दुर्दशा रूप धारण गरी सारिपुत्र भन्तेलाई रूप देखाइ रहेको थियो। अनि सारिपुत्र भन्तेले प्रेतलाई सोध्नु भयो - "हे प्रेत ! तिम्रो शरीरमा निलबस्त्र, मासु नभइ अस्थि पञ्जर जस्तो हद्दी मात्र भएर किन यहाँ आएर उभिरहेको ?"

प्रेतले सारिपुत्र भन्तेलाई जवाफ दिनुभयो - म पूर्व जन्ममा तिम्रो आमा हुँ, मलाई भोक र प्यासले सताइ रहेको छ। प्रेतकुलमा जन्म भइ रहेको म।

मेरो आहारा सिंगान, मरेको मानिसका जलाउँदा निस्केको बोसो र बच्चा जन्माउँदा नराम्रो निस्केको रगत यस्तो असुचि मात्र मेरो आहार भएर मसानमा फ्यांकी रहेको कुहेको मासु मात्र मेरो आहारा भइ रह्यो। त्यो खाएर पनि म सन्तोष तृप्त छुैन।

मेरो पेट भरेको छैन। सदैव भोग प्यास भइ रहन्छ। के गर्ने भन्ते ? मलाई यो दुःखबाट मुक्त गर प्यारो पुत्र।



Downloaded from http://www.dhamma.digital

उत्तम व्यक्तिहरू भिक्षु, सन्यासीहरूलाई दान पुन्य गरेर त्यहि पुन्य मलाई अनुमोदन गरि दिनुस्।

सारिपुत्र भन्तेले त्यहि कुरा सुनेर, दया माया गरेर उत्तम व्यक्ति मार्ग फल प्राप्त भएको क्लेशबाट मुक्त भएका भिक्षुहरूलाई उत्तम भोजन, बस्त्र दान गरेर पुण्य दान गरिदिनु भयो।

त्यो बेला देखि उसलाई राम्रो वस्त्र, खानपिन सबै प्राप्त भएर मन सन्तोस गरी खाना पायो। अनि प्रेतको तेजस्वी शरीर भएर राम्रो शरीर धारण गरी सारिपुत्र भन्ते भएको विहारमा आउनु भयो। अनि भन्तेले सोध्नु भयो। अब तिमी राम्रो र तेजस्वी शरीर भएर आउनु भयो के कारणले यस्तो भयो ?

प्रेतले जवाफ दिनुभयो - भन्ते तपाइले दया माया गरि मलाई दान, पुण्य गरेको पुण्य दान गरेकोले मैले सुख पाएको हो। धन्य तपाइ, दयालु व्यक्ति।

भन्तेले साधु साधु भन्दै बिदा दिएर पठाउनु भयो। कथा अन्त भयो।

त्यसकारण मान्छे भएको बेलामा पुण्य गर्नु अनिवार्य हुन्छ।

❑❑❑



Downloaded from http://www.dhamma.digital

# मता प्रेतनीको कथा

**आफूले गरेको पापको फल भोग्नु परेको**

तिस्सा भन्ने सौतीलाई इर्श्याले मता भन्ने आइमाईले नुहाइ रहेको बेलामा तिस्सा सौतीले जम्मै ढुलो बडालेर उसको जिउमा राखिदियो। त्यहि पापको फल ईर्श्या गरेको हुनाले पछि उ प्रेतनी भएर जन्म लिनु पँर्यो।

एक दिन तिस्साले प्रेतनी रूप देखायो। तिनी वस्त्र नभइ विरूप धारी भइरह्यो। उसको जिउमा मासु, रगत नभइ खालि हाड मात्र थियो। खालि अस्थिपञ्जर मात्र थियो।

तिस्साले सोध्नु भयो - "किन तिमी यस्तो रूप धारण भइन् ?"

मैले पूर्व जन्ममा मन चन्दाल स्वभाव भएर कडा शब्द बोलें, इर्श्याले ठूलो दुःख दिएँ, ठगी गरें, ईर्श्याले तिम्रो टाउकोमा धूलो राखिदिएँ। केही दोष नभएकोलाई कडा वचन बोलेर चित्त दुखाएँ। त्यहि पापको फलले म प्रेत भएर जन्म भएको छु।

तिस्साले फेरी सोध्यो - तिमी चण्डाल भएको त्यो सत्य कुरा मैले पनि थाहा पाएँ।



Downloaded from http://www.dhamma.digital

प्रेतनीले जवाफ दिनुभयो - फेरी मैले औषधी खोज्न जंगलमा गएँ। त्यस बेलामा मैले नराम्रो औषधी खोज्दै तिम्रो प्रति नराम्रो सोच्दै ल्याएको थिए।

त्यस बेलामा तिमी निन्द्रामा मस्त भएर सुतिरहेको थियौ। त्यस समय तिमीलाई जिउभरी चिलाउने औषधी छरि दिएँ। त्यहि पापको फलले जिउ भरी चिलाउँदै कन्याउँदै हिंदीरहेको छुँ।

फेरी एक दिन तिमी र स्वामी दुबैलाई छिमेकी कहाँ बोलायो तर मलाई बोलाएन। त्यो बेलामा पनि मलाई सह्न नसकेर तिम्रो ओढ्ने चोरेर लिएँ। त्यहि पापले निबस्त्र भएर वस्नु परेको हो।

तिस्साले सोध्नु भयो - तिमीले मेरो ओढ्ने चोरेको पनि मलाई थाहा छ तर तिमी यस्तो दुर्गन्ध भएको थिएनौ। किन त्यस्तो भयो ? मता प्रेतले जवाफ दियो - त्यस बेलामा तिम्रो सुगन्धीत, अत्तर सेन्ट आदि लिएर चर्पीमा फ्याकिं दिए, त्यहि पापले गर्दा म दुर्गन्धीत भएर जन्म लिनु पर्‍यो।

प्रेतले फेरी भन्यो - मनुश्य भएको बेलामा हामी दुबै जनाको बराबर धन दौलत थियो तर मैले केही दान धर्म गरेन। आफूलाई भलो हुने कल्याणकारी पुण्य धर्म गरेको छैन। राम्रो द्विप बनाएन, त्यहि पापको



Downloaded from http://www.dhamma.digital

कर्मले म दुर्गतिमा जन्म हुन पुगें ।

त्यो बेलामा तिमीले मलाई भनेका थियौ, पाप कर्म नगर यस्तो पाप कर्म गर्‍यो भने सुगति जाने बाटो बन्द हुनेछ । दुर्गतिमा जानु पर्ला भनेका थियौ । तर मैले त्यो कुरालाई वास्ता गरिन । अहिले यस्तो गति भोग्नु परिरहेको छ ।

तिस्साले भन्यो - त्यसबेलामा मैले तिमीलाई कति सम्झाएँ तिमीले वास्तै गरेनौ । खालि म प्रति इर्श्या मात्र गरिरह्यौ । अब पापको फल भोग्नु परिरहेको छ ।

मता प्रेतनीले भन्यो - मलाई यस्तो निबस्त्र, अस्थि पञ्जर भएको शरीरलाई कसैसामु देखाउन लाज लाग्छ ।

अनि तिस्साले सोध्यो - तिम्रो इच्छा पूर्ण गर्न मैले के गरिदिनु पर्‍यो ? जसले गर्दा तिमीलाई सुखी र खुशी मिल्छ ।

मता प्रेतले भन्यो - तिमीले मेरो निम्ति ४, ५ जना भिक्षु, साधु शन्तहरू बोलाई निमन्त्रणा गरि मेरो निम्ति भोजन दान गरि देउ र साथमा वस्त्र पनि दान गरि मलाई पुण्य भाग पठाइ देउ । मैले त्यहि बेलामा म साधु भनेर स्वीकार गर्छु ।

तिस्साले प्रेतको कुरा सुनि त्यस्तै गरिदियो । त्यसलाई पुण्य् छादेपछि, प्रेतलाई खानपिन, बस्त्र सबै



Downloaded from http://www.dhamma.digital

प्रकारको वस्तु प्राप्त भयो।

अनि ऊ राम्री भइ काशी देशमा तिस्सा भएको ठाउँमा आएर आफ्नो राम्रो शरीर प्रकत गरी देखाए। त्यस बेला देखि उसले सुखी शान्त भइ जीवन बितायो।

हामीले पनि मानिस भएको बेलामा धर्म कर्म गरी आफ्नो शरीर, बचनले केही पाप कर्म गर्ने बाटो बचाइ स्मृति राखि बस्नु पर्दछ।

□□□

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# नन्दा प्रेतको कथा

नन्दा गाउँबाट बाहिर आइरहेको बेलामा आफ्नो रूप धारण गरेर.उभि रहेको थियो । अनि नन्दिसेनले सोध्नु भयो - गोल जस्तो कालो, आँखा पहिलो मुखमा दाँत बाहिर आएको यस्तो कुरूप भएको तिमी को हौ ? मान्छे जस्तो देखिँदैनौ ।

नन्दा प्रेतनीले जवाफ दियो - भो नन्दिसेन । म पूर्व जन्ममा तपाईको स्वास्नी नन्दी हो । मैले पाप कर्म गरेर आएको हुनाले म प्रेत लोकमा जन्म हुन पुगें ।

नन्दिसेनले फेरी सोध्नु भयो - तिमीले बचन, शरीर र मनले के के पाप कर्म गरेका छौ ? भन ।

नन्दा प्रेतले भन्यो - मैले आफ्नो स्वामीलाई स्वामी भनेर स्वामीलाई गर्नु पर्ने आदर, गौरव राखेन । जथाभावि गालि दिने काय (शरीर) वाक (वचन) मनले केही पनि गौरव राखेन । बोलि बचन पनि कडा बोल्ने, आदर भाव राखेन । अरूलाई केही खुवाउनु लाग्यो भने बेसरी गालि दिने, खालि आफू खाने आफू लाउने बानि गरें । धर्म भनेको पटक्कै गरेन । धर्म गर्नेलाई हेला गर्ने आदि पाप गरेकोले त्यहि पापको फल म प्रेत भएर भोग्दैछु ।



Downloaded from http://www.dhamma.digital

नन्दिसेनलले भन्यो - त्यसो भए मैले तिमीलाई राम्री गर्न मेरो घरमा लैजान्छु । त्यहाँ तिम्रो छोरा, बुहारीहरूले हेर बिचार गर्छन्, आउ भन्यो ।

फेरी प्रेतले भन्यो - मैले पाप कर्म.गरेकोले तिमीले तिम्रो हातले जति दिए पनि मलाई पाउँदैन । मलाइ पाउन शीलवान, सदाचार भएका बुद्धको शिष्यहरू, भिक्षुहरूलाई आदर पूर्वक निमन्त्रणा गरेर मीठो मीठो भोजन, बस्त्र अनेक प्रकार बस्तु दान दिएर त्यसबेलामा पुन्य दान दियो भने मात्र मलाई सबै प्रकार उपभोग गर्न पाउने हुन्छ । नत्र जति दिए पनि मैले पाउँदिन ।

नन्दिसेनलले प्रेतको कुरा सुनेर केही समय नबिति पुन्यवान, शीलवान सदाचारी भिक्षुहरू निमन्त्रणा गरी आदर पूर्वक भोजन र अनेक वस्त्र, वस्तु दान गरायो । त्यसपछि उसलाई पुण्य दान गऱ्यो ।

त्यसबेला देखि उसलाई सम्पूर्ण आवश्यक वस्तुहरू जस्तै रूप, बस्त्र आदि प्राप्त भयो ।

जीवन परिवर्तन भए देखि राम्रो रूप धारण गरेर ग्रहण लाएर बस्त्र लगाएर आफ्नो स्वामी कहाँ देखाउन गयो ।

अनि स्वामी नन्दिसेनलले अब त तिमी राम्री रूप तेजस्वी गहणा बस्त्र पनि भयो कसरी भनेर सोध्यो ?



Downloaded from http://www.dhamma.digital

प्रेतनीले जवाफ दियो - तपार्यको कृपाले तपाइले मैले भने जस्तै उत्तम व्यक्तिहरूलाई दान पुन्य गरीदिनु भयो। त्यो पुन्य मलाई दिनु भयो। त्यहि पुण्यको प्रभावले म अब राम्रो प्रेतनी भयो। अब म प्रेत भए पनि राम्रो भएकोले मलाई सबैले माया गर्छन् होला। धन्य धन्य तपाइ।त्यहि पुन्यले मैले पनि तपाइ सहित स-परिवार आयु आरोग्य होस्। जय होस् भनेर प्रार्थना गर्छु।

**भाइ बहिनी हो ?**

यस्तो पापबाट बचन, ठूलो गौरव राख्नु पर्नेलाई आदर गर्नु जान्नु पर्छ। आफ्नो शरीर, वचन, मनले केही हानिकार काम नगरीकनसतर्क भइ काय, वाक मनलाई संयम गरी पाप कर्म नगर्नु। यहि मानव धर्म हो। जीवनको महत्व बन्ने साधन हो।

❑❑❑



Downloaded from http://www.dhamma.digital

# मृदुकुण्डली प्रेत कथा

अदिन्न पूर्वक ब्राम्हण : केही दान पुण्य नगरे, आफ्नो परिवारलाई पनि केही नखुवाउने, नलगाउनदिने, पुण्य भनेको पटक्कै नगर्ने एक्लो छोरा बल्ल पाएकोलाई पनि एक पैसा खर्च नगर्ने, अति धनी, करोडपति भएपनि धेरै कंजुस भएर उ प्रेत गतिमा जन्मन पुग्यो।

बुद्धको पालामा एकजना ब्राम्हण थियो। उसका नाम "आदिन्न पूर्वक ब्राम्हण" अर्थात कसैलाई एक पैसा नदिने ब्राम्हण थियो।

धेरै वर्ष सम्म सन्तान नपाइ बल्ल धेरै वर्ष पछि एउटा छोरा पायो। तर त्यो बच्चालाई न्वारन र अन्नप्रासन आदि गर्न एक पैसा पनि खर्च गर्दैन।

उसको स्वास्नीले भन्छ - "स्वामी हामी संग प्रसस्त धन छ। बल्ल पाएको सन्तानलाई अन्नप्रासन गरेर नाता कुटुम्बहरूलाई धुमधाम संग भोज गरेर खुवाउन मन लाग्छ।" बाबुलाइ मुन्द्रि बनाउनु पर्‍यो भन्छ। त्यस बेलामा स्वामीले धेरै हप्काएर खालि पैसा मात्र खर्च गर्ने कुरा गर्दछ भनेर ठूलो गालि गर्‍यो।



Downloaded from http://www.dhamma.digital

एकदिन दिनभरी बाहिर गएर सुनारको काम गर्ने ठाउँमा गएर कुरेल उनीहरूले सुनलाई कसरी बनाउँछ, त्यो हेरेर, आफ्नो छोराको निम्ति धुकुतिबाट एउटा सून लिएर ७ वल्लो माथि गएर माटोको ठूलो भाँडोमा आगो राखि सूनलाई पोल्यो, फेरी पानीमा सेलायो, फेरी कुत्यो त्यस्तो गरेर एउटा जसो तसो मुन्द्रा आफैले बनाएर छोरालाई लगाइ दियो। त्यो बेला देखि बच्चाको नाम "मटुकुण्डली" नाम कहलायो।

त्यस्तै गरी बिस्तारै बच्चा बढ्दै आयो। जब उक्त बालक ५/६ वर्ष हुन लाग्यो बच्चालाई पन्दुरोग अचानक लाग्यो। जिउ गल्ने, खाना नखाने यति राम्रो बच्चा धुमधाम रोगले ग्रस्त भएर आयो। त्यो देखेर फेरी स्वामी बच्चालाई ठूलो रोग लाग्यो। औषधी गर्नु पर्‍यो। लौन छितो बैद्य कहाँ जानु पर्‍यो। उपचार गर्नु पर्‍यो। भनेर रूँदै कराउँदै भन्यो। तर पैसा खर्च गर्ने कुरा मात्र गर्ने तिमीले फिस दिनु पर्छ। पैसा नास हुन्छ भनेर हप्काएर धेरै गालि गर्नुभयो।

त्यो दिनमा पनि बैद्यराज कहाँ गएर भन्न गयो - "हे बैद्यराज ! फलना रोगलाई के औषधी खुवाउने ? भनेर सोध्न गयो।

उ महाजन धेरै कप्ती भनेर तोलबासी सबैले थाहा



Downloaded from http://www.dhamma.digital

छ, अब उसलाई न चाहिने औषधी भनेर पठाउँछु भनेर एउटा रूख देखाएर त्यो रूखको बोक्रा लिएर २ पाथि पानी राखि एकमाना गरेर तताएर त्यहि औषधी खुवाइदेउ भनेर पठायो। उसले साच्चै धेरै दाउरा ल्याई कसिमा बसि बेसरी पानी तताई त्यो औषधी ख्वाइ दियो। त्यो बेला देखी बालकलाई झन झन रोगले च्याप्यो।

अनि त्यो महाजनले अर्को मानिस घरमा आएर माथि हेर्न आयो भने उसको सून चाँदिको थाल देख्छ, धन देख्छ भनेर बालकलाई छेडि, दलानमा सुन लगायो।

बालकले चित्त दुखायो हेर ! मेरो बुबाको त्यति धन दौलत छ। तर मलाई एक पैसा खर्च नगरी मलाई त्यसै मार्न खोजेको छ। के गर्ने त्यो पैसा ? बेलैमा सदुपयोग गर्न नपाएको भन्दै भित्तातिर हेर्दै धेरै बिलाप गरी रह्यो।

त्यहि बेलामा बुद्धको महाकरूणा समापति ध्यान वान् उठेर आज मैले कसलाई उद्धार गर्ने भनेर ज्ञान दृष्टिबाट हेर्दा त्यहि मुटुकुण्डली अगाडि आयो। अनि बुद्ध पात्र चीवर धारण गर्दै सरा सर त्यो बालक बसेको ठाउँमा जानुभयो। तर बच्चा भित्तातिर फर्केर बसि रोइ रह्यो। अनि बुद्धले छ बन्न रश्मि भित्तामा लगाइ दिनुभयो। बालकले यो त बुद्ध बाहेक अरूसंग यो



Downloaded from http://www.dhamma.digital

रश्मि हुँदेन । बुद्ध आउनु भयो कि भनेर जर्बजस्ति जिउ फर्केर हेर्दा साँच्चै बुद्ध उसकहाँ उभि रहनु भयो । अनि उसले दुइ हातले ज्वजलपा गरी बल्ल बल्ल दिलदेखि शुद्ध चित्तले भो भगवान हजूरलाई मैले केही तक्र्याउन सकेन। मसँग केही थिएन। भनेर बिलाप गर्दै शुद्ध मनले बिन्ति गरेर नमस्कार पनि गऱ्यो। उसले प्राण पनि गऱ्यो । उबित्यो । उ स्वर्ग लोक भयो ।

अनि उसको बुबा मेरो छोरा के भयो होला भनेर हेर्न आएको बेला बालक मरी सकेको थियो। अनि आमाको हृदयनै फुट्ने गरी रोयो। कंजूसी बुबा पनि रोयो। मरे पछि जुन कृया काम गर्नु पर्ने समसानमा लगेर जलायो।

त्यो दिन देखि कन्जूस ब्राम्हण दिन दिन बिहान त्यो समसानमा गएर रून जान्छ। एक दिन होइन २ दिन होइन। महिनौ महिना भयो रोइरहेको।

अनि उसको छोरा देवलोकबाट मेरो बुबा के गरी रहनुभयो भनेर दिव्य लोकबाट मनुष्यलोकमा हेर्दा उ त म भएको बेलामा एक पैसा खर्च गर्दैन । अब समनमा गएर रोइरह्यो । अब मैले मूर्ख बुबालाई गिज्याउँदै जानु पऱ्यो भनेर देवलोकबाट उसको छोरा जस्तै भेश बदलेर त्यहि समसानमा उ भन्दा अलि पर बसेर त्यो ब्राम्हण



Downloaded from http://www.dhamma.digital

भन्दा धेरै ठूलो स्वर निकालेर रोइरहें ।

अनि त्यो ब्राम्हणले सुनि रह्यो । म भन्दा ठूलो स्वर निकालि उ पनि रोयो । उसलाई के दुःख पऱ्यो होला भनेर उठेर ऊ कहाँ गएर सोध्न थाल्यो । हे बालक तिमी किन रोइरहेको ? तिमीलाई के दुःख पऱ्यो ? मलाइ भन । मैले सगाइ दिन्छु भन्द बारम्बार सोध्यो । बालकले दुई चोटि सम्म केही जवाफ दिएन खालि रोइरह्यो ॥ तीन चोटि सोध्दा जवाफ दियो - हे ब्राम्हण बा तिमी किन यहीं आएर रोइरहेको ?

ब्राम्हणले जवाफ दिनुभयो - हे बालक मेरो तिमी जस्तै राम्रो बालक छोरा मऱ्यो । यो छातीले थाम्ह सकेन त्यसकारण रोइरहेको भनेर जवाफ दियो । अनि तिमी किन म भन्दा ठूलो स्वर निकाली रोइरहेको ? बालकले - "हो मेरो ठूलो रठ थियो धेरै राम्रो भएको" त्यसलाई पांग्रा पाएन । त्यसकारणले रोइरहेको भनि जवाफ दियो ।

अनि ब्राम्हणको श्रद्ध बढ्यो, मन ठूलो भएर आयो । अनि कंजूस ब्राम्हणले कस्तो खालको पाग्रा चाहियो ? तामाको कि पीटलको कि सून चाँडीको, या हेरा ज्वाहारातको, कुन खालको चक्का चाहिने त्यो मैले दिन सक्छु ।" तिमीलाई बनाइ दिन्छु भनेर भन्यो । बालकले भन्यो - "भो ब्राम्हण बा । मेरो सुन्दर रठलाई



Downloaded from http://www.dhamma.digital

यो कुनै प्रकारको बस्तुको चक्का सुहाउँदैन। मलाई चन्द्र र सूर्य यी दुइ पांग्रा चाहिने भनेर भन्यो। अनि ब्राम्हणले कस्तो मूर्ख बालक तिमी ! यो पनि लिन सक्छ, तिमी त टाउको फुंति कन रोए पनि रोइराख। त्यो त पाउन सक्दन मूर्ख बालक भनेर भन्यो। अनि बालकले भन्यो - तिमी मूर्ख कि म मूर्ख। मैले किन रोएको भन्दा त्यो सन्द्र सूर्य मागेर रोएको भनेर देखाउनु सक्छ। तर तिमीले छोरा मरेर रोहि रहेको भन्यौ तर त्यो छोरा देखाउन सक्छ ? अब भन म मूर्ख भयो कि तिमी मूर्ख भयौ। त्यो कुरा सुनि ब्राम्हण जिल्ल पऱ्यो। उसले मनमनै भन्यो, यो बालक चानचुन होइन, यो बुद्धिमानि बालक को होला ?

तिमी को हौ ? खुबै बुद्धिमान बालक रहेछौ ? अनि बालकले जवाफ दियो - "तिमीले को समझेर रोहिरहेको हो ? त्यो मै हुँ" कहाँ होला मेरो पुता तिमी जस्तै छ तर उ जलेर खरानी भइसक्यो। कसरी आउन सक्छ ? यो हुने कुरा होइन, भनेर जवाफ दियो। तर बालकले भन्यो - "म देवलोकमा जन्म हुन गएँ। देवपुत्र भएर मनूष्यको भेष बदलेर भेत्न आएको।"

अनि ब्राम्हणले भन्यो - मेरो छोराले केही दान धर्म गरेको छैन। के पुण्यले स्वर्ग जान्छ ? भनेर भन्यो।



Downloaded from http://www.dhamma.digital

अनि बालकले भएको पूर्व जन्मको काम सबै बताइ दिया पछि त्यहि मैले बुद्ध भगवानलाई मेरो मनले शुद्ध चित्त गरी नमस्कार गरेको पुण्यले म देवलोकमा जन्म हुन गएको। नपत्याए भोलि बुद्धकहाँ सोध्न जानुस्। त्यहाँ म पनि देवलोकबाट अलंकार बस्त्र धारण गरी आउनेछु। त्यसबेलामा आफ्नो बुबा दंग पर्नुभयो। उसलाई भोलि हुन हतार भयो।

घर फर्केर ब्राम्हण कराउँदै श्रीमतीलाई भन्यो - मैले छोरा भेटाएँ। अब भोलि बिहान उठेर फेरी छोरा भेट्न जानुपर्छ। उसको स्वानीले भन्यो - जलाइसकेको छोरा पनि कहाँ भेट्न सक्छ ? के कुरा गरि रहेको ?

ब्राम्हण रातभरी निन्द्रा नआइकन छतपताइ बसि रह्यो। कहिले ४ बज्छ र म गएर छोरा भेटन जान्छे भन्दै छटतटाइ रह्यो। त्यहाँ गए पछि कहिले बिहारमा नआउने व्यक्ति सबै मानिस बुद्ध सहित सबैले भन्न थाल्यो - "के हो बाटो बिरायो कि कसो ?"

त्यहि बेलामा आफ्नो छोरा अलंकार लगाइ बिमानमा बसि आकासबाट ओर्लेर आयो र भगवानलाई सादर प्रनाम गरी उ एउटा कुनामा आदर पूर्वक बसि रह्यो।

ब्राम्हणले सोध्नुभयो - भो भगवान केही पनि दान धर्म नगरे पनि नमस्कार एक चोटि गरेर पनि स्वर्गमा



Downloaded from http://www.dhamma.digital

जन्म हुन जान्छ ? भगवान आज्ञा गर्नु होस् । अनि भगवान बुद्धले भन्नुभयो हे ब्राम्हण ! यदि शुद्ध चित्तले एक थोपा पानी मात्र दान दिए पनि शुद्ध चित्तले नमस्कार एक चोटि गरे पनि स्वर्ग लोकमा जान्छ । पतिमीले देखिहाल्यौ ऊ तिम्रो पुत्र मठ्ठकुण्डली देव पुत्र तिम्रो आँखाको अगाडि बसि रहेका भनेर भन्नु भयो । उसलाई रूप देखाएर देव पुत्र फेरी विमानमा बसेर फर्कनु भयो ।

त्यस बेलामा उसको मनमा ठूलो श्रद्धाको फूल फुल्यो । मन ठूलो भयो । अब मैले दान धर्म गर्नु पऱ्यो । भनेर भन्यो । भो भगवान छलपोल सहित पाँचसय भन्तेहरू मेरो घरमा भोजनको निम्ति म प्रार्थना गर्दै छु । स्वीकार गर्नुहोला, भनेर बिन्ति गर्नुभयो । बुद्धले मौन गरी उसको भोजन स्वीकार गर्नुभयो ।

अनि फटाफट घर फर्केर आफ्नो स्वास्नीलाई भन्न थाल्यो - "प्रिय भोलि भगवान सहित पाँचसय भिक्षुहरू निमन्त्रणा गरेर आएँ ।" सब सामान तयार गर्नु पऱ्यो भनेर झस्केर कुरा गऱ्यो । तर आइमाइले पत्यार गरेन, होला त्यस्तो कंजूसले यति पैसा खर्च गर्छ ? नपत्याएर कुरा गर्न आयो । के रक्सी खाएर आएको हो, अनौठो कुरा गर्न आयो भनेर पत्यार गरेन । ब्राम्हणको मन छटपट भयो । हो बाबा ! झन तयार गर भनेर मानिसहरू



Downloaded from http://www.dhamma.digital

पनि बोलाएर थेरै धन खर्च गरी महान दान सहित अनेक प्रकार व्यअन बनाइ भोलितिर दान धर्म गऱ्यो। बुद्ध सहित पाँचसय भिक्षुहरू शान्तमूर्ती गरेर लाइन ताँति गरेर आइरहेको बेलामा उसको मनमा ठूलो श्रद्धाको प्रिति उत्पति भयो।

भोजन पश्चात बुद्धले आनुपूर्वी कथा - दान, शील, भावनाको कथा भन्नुभयो। साथमा गुन्जाएमान गरी पाठ गर्नुभयो। अनि ऊ स्रोता पति फल प्राप्त गर्नु भयो। छोराले गर्दा उसको जीवनमा दुःखबाट मुक्त हुनुभयो।

त्यसकारण भाइ, बहिनीहरू हामीले विद्वानजनहरूका सत उपदेश सुन्नु पर्छ। ज्ञान गुण हासिल गरेर जीवन सुधार र सफल गर्न दान धर्म गरी दुःख रूपि संसारबाट मुक्ति पाउनु पर्दछ।

□□□



Downloaded from http://www.dhamma.digital

# पिट धीतलिक प्रेतको कथा

एक दिन भगवान बुद्ध अनाथ पण्डितको घरमा पाँच सय भिक्षुहरू सहित भोजन गर्न जानुभयो। भोजन पश्चात भगवान बुद्धले पाठ गरेर, अनुमोदन गरेर भन्नुभयो - महाजन ! जुनसुकै उपलक्ष्य राखेर जस्तै जन्मदिन, मरनदिन, केहि न केही उपलक्ष्य राखेर पुण्य गरेपनि कंजूस नभइ चाहे प्रेतगतिको निम्ति पनि देवताहरूको र सत्व प्राणीहरू सम्झेर उनीहरूको निम्ति दान, धर्म गर्नुपर्छ। किनभने कुनै पुण्य नभएर प्रेत गतिमा कुनैले धर्म गरेर देवलोकमा देवता भएर ज़न्म लिन सक्छ। उनीहरूलाई पुन्यको आवश्यक हुन्छ। पुन्यद्वारा उनीहरूको जीवनमा सुख प्राप्त हुन जान्छन्। कुबेर धृतराष्ट्र, विरूपाक्षा र विरूल्हक यी चार जना यशस्वी, लोकपाल देवताहरूलाई पनि पूजा गरेको जस्तो हुन्छ। दाताहरूले गरेको पुण्यफल उनीहरूलाई पनि जान्छ।

हामीहरूमा नाता कुटुम्बहरू मरेर परिवार सबै रोइरहने, शोक गरी रहन्छन्, बिलाप गरिरहन्छन् तर उनीहरू प्रेतगतिमा जन्म लिइ रह्यो भने, त्यसले



Downloaded from http://www.dhamma.digital

उनीहरूलाई केही पनि मद्दत गर्दैन। यदि आफूले दान, धर्म गरेको पुन्य उनीहरूलाई छोडि दियो भने त्यहि पुन्य मात्र हित चिन्तकहरूलाई माया गरेको जस्तो पुन्य लाभ हुन्छ।

जुन दान दक्षिना दिनुभएको बस्तु संघमा सुप्रतिष्ठित हुन्छ। त्यो चीर काल सम्मको लागि हीत चिन्तक हुन जान्छ।

खालि मऱ्यो भनेर रोइरहनु उचित होइन। यहि पुण्य गरेको मात्र मनमा गरेको जस्तो हुन्छ। यसरी गर्नु नै कल्याणकारी काम हुन जान्छ।

□□□

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# पञ्चपुतखादक प्रेत कथा

एक दिन आठजना महास्थविर भन्तेहरू भगवान बुद्ध दर्शन गर्न गएको बेलामा एउटा गाउँको छेउमा नजिक भएको जंगलमा बसिरहेका प्रेतले आफ्नो रूप धारण गरि उभेर देखायो। त्यसै बेलामा सर्घ नायको भन्तेले प्रेतलाई यस्तो प्रश्न गर्नुभयो - "तिमी बस्त्र नभइकन, कुहेको रूप दुर्गन्धले भरीपूर्ण गरी झिंगा जिउभरी राखि किन यहाँ उभिरहेको ?"

प्रेतले जवाफ दियो - "भो भन्ते म यसलोक दुर्गतिमा परेको प्रेत हो। पूर्व जन्ममा विभिन्न पाप कर्म गरेर आएकोले यस्तो पापको फल भोग्दैछु। जस्तै (मैथुन धर्मगर्ने, मान्छे मार्ने, पशु मार्ने, छलकपट गर्ने, थग्ने, चोर्ने, आदर गर्नु पर्ने व्यक्तिलाई अनादर गर्ने, जथाभावि काम बिगारि दिने इर्श्या गर्ने आदि पाप कर्म गरेको। मैले त्यो काम गर्ने बेलामा म जस्तो बलियो, सूरवीर कोहि छैन, मलाई सुख थान्दछु। अब मैले यस्तो दुःख भोग गरि रहेको छु।

खाना नपाएर भोकले पेटमा आगोले पोलेको जस्तो जलि रहको छ। प्यास त्यति लागेको छ। तर पानी



Downloaded from http://www.dhamma.digital

खान पाएन । घाँटि सुकि मरनान्त हुने जस्तो भइ रह्यो ।

यस्तो दुःख भोग दुर्दशा भइरहकेको तपाईले हेर्नुहोस् ।

संघ स्थवीर भन्तेले प्रेतनीलाई सोध्नुभयो – तिमीले अरू अरू पनि के के पाप गरेर आएको छौ ? शरीर, वचन वा मनले के दुत्कर्म गरेको ? के पापले आफ्नो छोराहरू खाएर विपाक भोग्नु परेको ? भन ।

प्रेतनीले जवाफ दियो – भो भन्ते ! मैले पूर्व जन्ममा गर्बवती भएका मेरी सौतीलाई द्वेष चित्त राखि बच्चा निकाल्ने काम गरें । त्यहि पापले आफ्नो बच्चा खाएर पाप भोग गरि रहें । मैले उसलाई दुई दुई महिना भयो भने औषधी खुवाएर रगत सहित बच्चा निकालि दिने । अनि उ रगत बगेर संकस्त भोगिरहन्छ ।

अनि त्यस बेलामा उसकी आमा बुबाले मलाई अगाडि राखि गालि गर्नुहुन्छ ।

मैले त्यसबेलामा उनीहरूलाई पत्यार गर्न यस्तो भने – "यदि मैले तिम्रो छोरीलाई यस्तो अत्याचार गरेको हो भने मैले आफूले जन्माएको बच्चा आफैले खानु परोस् भनेर सत बोलें । यहि पाप फल यहाँ भोगि रहेकोछुँ ।

मैले झूट बचत बोलेर पत्यार गर्न यस्तो भनेकोले आफूले जसरी भने त्यस्तै आफ्नो बच्चा खाइ बसि



Downloaded from http://www.dhamma.digital

रहनु पऱ्यो । यदि बच्चा नखाए सम्म मलाई चित्त बुझ्दैन । तर खाए पनि पेत भर्दैन । रितो जस्तो भोक लागि रहन्छ । के गर्ने भन्ते ?

मेरो यो पापबाट मुक्त गर्न कोहि परिवारले केही पुन्य गरेर धर्म दान पुनय छोड्ने मान्छे छैन ।

यदि गुनिवान, आदर गर्ने भिक्षुहरूलाई दान धर्म गरेर पुण्य छोडि दियो भने म यो दुःखबाट मुक्ति पाउने छु । भन्दै धेरै रायो ।

अनि भन्तेले मुस्कुराउँदै कुरा सुनेर भन्नुभयो - "हे प्रेतनी तिम्रो पुन्य दान दिने कोहि सन्तान छैन भने तिम्रो नाममा मैले भिक्षुहरूलाई भोजन र अरूअरू बस्तु दान दिएर तिमीलाई पुन्य गरि दिन्छु ।"

एकदिन भन्तेले भिक्षुहरूलाई आदर पूर्वक निमन्त्रणा गरी भोजन दान गरिदिनु भयो । पछि त्यहि गरेको पुन्य दान दिनु भयो । प्रेतले साधू साधू भन्दै स्वीकार गरेर लिनुभयो । त्यहि पुन्य उसलाई प्राप्त भएर ती प्रेत सबै प्रकार खानपिन प्राप्त भयो । आफ्नो छोरा, सन्तान खाने पनि छोड्यो । उसको जीवनमा सुख प्राप्त भयो । धर्म चेतना पनि प्राप्त भयो ।

□□□



Downloaded from http://www.dhamma.digital

# उरग प्रेतको कथा

एउटा घरमा एक परिवार बसिरहेको थियो। त्यस बेलामा अचानक छोरा मऱ्यो। मरेको छोरालाई काठको चितामा राखि जलाइ दियो। दाउराको साथमा छोरा दन्काइ रह्यो। त्यस्तो आफ्नो छोरा दन्काइ रहे पनि किन तिमीहरू शोक नगएको ? भनि बुबा भइ रहेको धर्मपाललाई सोध्नु भयो।

यति गुणवान, राम्रो छोरा मरे पनि किन नरोयको बडो आश्चर्य भेद धारी इन्द्रलाई धर्मपाल बुबा यस्तो जवाफ दियो हे ब्राम्हण ! सर्पले आफ्नो पुरानो लुगा फुकाल्छ, नयाँ पलाएर आउँदछ। त्यस्तै मेरो छोराले पनि यसलोकको नम्बर देह छोडेर मर्छ। संसारमा जन्मे पछि एक दिन मर्नै पर्छ। त्यो मेरो छोराले पनि नयाँ जन्म लिन्छ। नयाँ संसारमा मनोरञ्जन गर्छ भनेर नरोएको। अरू परिवार पनि रोएको छैन ? त्यो थाहा छैन।

मेरो छोराले आफूले के के काम गर्छ। त्यहि अनुसार उसले भोग गर्न पाउने छ। उ जन्म जुन जान्छ।

आमाले पनि अर्को परिवारले पनि ऊ आफै आयो,



Downloaded from http://www.dhamma.digital

आफ्नो कर्म लिएर गयो। त्यसकारण हामी रोएनौं। यदि हामी रोइरह्यौं भने हाम्रो जिउ मात्र गल्छ, डुब्लो हुन्छ। नराम्रो हुन्छ। भेषधारी इन्द्रलाई फेरी भन्यो - "जसरी फुटेको माटोको गागदी फेरी मिलाउन हुँदैन। त्यस्तै मेरो छोरा मरी सकेको फेरी आउँदैन। हामी रोएको बेकार हुन्छ आदि।

त्यो कुरा सुनेर इन्द्र आफ्नो ठाउँमा फर्केर गयो।

□□□

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# चूल्लसेटी प्रेत कथा

कुसंगतमा पऱ्यो भने हाम्रो दिमाग पनि दल भएर काम नलाग्ने हुन्छ, बिग्रने हुन्छ। मूर्ख संग संगत गर्नु हुँदैन।

अजात शत्रुले बुद्धि हीन भएको इर्श्यालु बुद्धप्रीत जन्मौं जन्म सम्म बिद्रोह गरेर आएको बुद्धको ऐश्वर्ए लाभ हेर्न नसकेकोले आफूले पनि बुद्ध मारेर बुद्धका राज्य भोग गर्ने अजात शत्रुलाई पनि बुबा मारेर राज्य लिन खोज्न लाएको व्यक्ति थियो। त्यस्तो देवदत संगतमा पऱ्यो।

अनि अजात शत्रुले आफ्नो निर्दोसी बुबालाई अनेक योजना गरी हत्या गऱ्यो। त्यहि त्राशले निद्रा नआएर आफ्नो दरबारको कःसिमा बसि छटपटाइ रह्यो। त्यस अवस्थामा चुल्लसेट्टी प्रेत आकासबाट उडेर आइरहेको देखेर अजात शत्रु राजाले यस्तो सोध्नु भयो - भो प्रेत तपाई नीलवस्त्र हुनुभयो। तपाई अति डुब्लो पनि हुनुभयो। यस्तो रातमा कही जान लग्नुभएको ? मलाई भन्नुस् मैले सम्पूर्ण इच्छा पूर्ति गरिदिन्छु।

राजाको कुरा सुनेर चुल्लसेटिले यस्तो भन्यो - भो



Downloaded from http://www.dhamma.digital

राजा पूर्व जन्ममा म एक जना धनले सम्पन्न भएको नामि महान साहु थिएँ। त्यस जन्ममा मेरो मन अति नै कंजूस थियो। आफ्नो धनमा मात्र प्यार गरेर धनमा मन तासेर बसिरहन्थें। दान, धर्म, पुन्य, कर्म कहिं पनि गरेन। खालि राम्रो लाउने, मीठो मीठो खाने, पिउने त्यस्तै मोज मज्जा मात्र गरिरहन्थें। त्यहि कारणले म अहिले प्रेतगति जन्म लिइरहेछु।

अलाई भोक र प्यासले पेतमा सियोले घोचेको जस्तो, आगोले पोलेको जस्तो भइरहेको छ। त्यस कारणले म नाता कुटुम्बकहाँ गएर कहिँ खानपिन माग्न जान लागेको हो।

मलाई पहिलो जन्ममा दान पुन्य गरेन भने यस्तो हुन्छ भनेर थाहा थिएन। विश्वास लागेन। मेरो छारीले सदैव बेला बखतमा आमा बाबुको नाममा दान धर्म गरिरहन्थिन्। अनेक सामाग्री दान गरिरहन्थिन्। उनीहरूले पुन्य गरेको फल मलाइ पाउछकि भनेर त्यहाँ जान लागेको।

राजाले भन्यो - तिम्रो छोरीकहाँ गएर छित्तो आउ, मैले पनि तिमीले भने जस्तो सम्पत्ति दान धर्म गरेर तिमीलाई परिपूर्ण गरिदिन्छु।

प्रेतले जवाफ दिनुभयो - हओस् म तुरून्त फर्कने



Downloaded from http://www.dhamma.digital

छु ।

तर त्यहाँ योग्य व्यक्तिलाई मात्र दान धर्म गरिरह्यो । त्यसकारण मलाई त्यो पुण्य प्राप्त भएन। अब म राजगृहमा प्रकट हुन जानेछु । त्यहाँ महान पुरूष भिक्षुहरू हुन्छ । उनीहरूलाई दान गरेको पुण्य मलाई आउनेछ ।

राजाले अब तिमीलाई के के लिन मन लाग्छ ? तिम्रो निम्ति पछि सम्म कल्याणकारी हुने दान धर्म गरिदिन्छु ।

राजाको कुरा सुनेर प्रेतले जवाफ दिनुभयो - बुद्ध प्रमुख सर्घलाई अन्न, पान, चीवर वस्त्र अनेक प्रकारका चीज बीज परिभोग वस्तु दान गर्नुस्। त्यसपछि मलाई पुन्य दान गर्नुहोस्। त्यसपछि मात्र मलाई पुण्य पाउने छ। अनि मलाई सबै प्रकार खानपिन वस्त्र आदि पाउनेछ । अनि मात्र म खुसी र सुखी हुनेछु भनि जवाब दिनुभयो ।

त्यसपछि राजाले जस्तै प्रेतले भनेको छ त्यस्तै गरि दिनुभयो। त्यसपछि इदको ञातिर्न होतु आदि गाथा पढी पानी धारा बगाइ पुन्य दिनु भयो।

त्यसबेला देखि प्रेतलाई सबै प्रकार खानपिन, वस्त्र आदि आफूले इच्छा गरेको जस्तो प्राप्त भयो।

अनि प्रेत सेट्ट खुशी भएर तपाइको कृपाले मलाई



Downloaded from http://www.dhamma.digital

सबै प्रकारको खानपिन, वस्त्र आदि प्राप्त भयो भनेर भन्न थाल्यो। प्रेत खुशी भयो !

अतुलनीय व्यक्ति, उत्तम, अति उत्तम व्यक्ति बुद्ध सहित भिक्षुहरूलाई दान, धर्म गरेको हुनाले मलाई पुन्य प्राप्त भयो। सदा सर्बदा म सन्तुस्त भएर म सुशी जीवन बिताउन सकें। सहर्श धन्यबाद दिनुभयो।

भाइ बहिनी पाठकहरू हाम्रो जीवनमा खालि खानपिन गरेर, भोज मज्जा गरेर पञ्चकाम गुण पानीमा माछा बसेको जस्तो हामी उर्फ्रेर बस्नु हुँदैन। हामीले सबै प्राणी प्रति दया माया, करूणा, मुदिता राखि परोपकारी काम गरेर जीवन उत्तम र महत्व बढाउने काम गर्नु पर्छ।

आखिरमा हामीले धेरै धन दौलत भए पनि केही साथमा लान सक्दैनौ। सम्पति सधैं आउँदैन।

त्यहि घरमा सबैलाई विवेक गरेर हेलमेल गरेर बसेको, समाज सेवा गरेको, देशमा उन्नति गरेर उपकार गरेको सच्चा, इमान्दारी, सदाचारी भएको लोकहित गरेको, परोपकारी भएर जीविका गरेको सुसम्पन्न भिक्षु, सन्यासिहरूलाई दान, धर्म गरेको यहि पुन्य मात्र आफू मर्ने बेलामा छाँया जस्तै पछि पछि आउने साधन हो। सुख सँध अर्को जन्ममा फल दिने बाटो हो।



Downloaded from http://www.dhamma.digital

सज्जनहरू सदैव बुद्धले आज्ञा दिनुभएको उपदेश अप्रमादि नभइ होस् र स्मृति सदैव भएर कसैलाई आफ्नो काय, वाक, चित्तले इर्ष्या, द्वेष नराखि, काम नगरी, होसीभारी भएर जीवन बिताउन सकोस्। यहि लेखकको इच्छा र कामना। सबैलाई सुखी होस्, निरोग्य होस्।

**भवतु सब्ब मंगलं ।**

**ले. माधवी**



Downloaded from http://www.dhamma.digital

# कविता

मर्नु पर्छ एक दिन ।
सबै परिवार छोडेर ॥

आफ्नो जन्म भूमि छोडेर ।
कर्म भूमि जानुपर्छ ॥

आफूले गरेको काम अनुसार ।
भोग गर्नु पर्छ, रोइ रोई ॥

मलाई दुःख मन पर्दैन
भनेपनि भोग्नु पर्छ आफैले

अधर्म गर्ने बेला ।
आँखाले देख्दैन ॥

भोग र विपाक आएपछि ।
रोएर छाति पिटि के काम ?

बल शक्ति भएसम्म ।
धर्म कर्म वास्ता छैन ॥

जब शक्ति हीन भइ ।



Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

रोएर के काम हुन्छ ॥

आफ्नो राग द्वेष मोहले
जराले अकुशल कर्म फलाउँछ ।

होसियार गर नरप्राणी ।
अकुशल काम नगर ॥

आँखाले देख्दैन हामीले ।
अर्काको धनमाल लुत्ने बेला ॥

मारकाट पनि गर्न थाल्छ ।
अनेक सास्ति गरेर पनि ।

सम्झना आउँदैन भोलि ।
आफूले के कर्म भोग्नु पर्छ भनि ॥

मानव भाव छोडेर ।
दानव बनि काम गर्छ ॥

दुर्लभ मानव जीवनमा ।
आफ्नो अस्तित्व हराउँछ ॥

मानव भन्ने नसुहाउँदो ।
जथाभावी काम गर्न थाल्छ ॥



Downloaded from http://www.dhamma.digital

हराउँदै गयो मानव तत्व ।
हुन गयो पाप कर्म मात्र ॥

देशमा शान्ति खोज्दै छ ।
केवल मुखमा मात्र शान्ति छ ॥

पाप कर्म भरेर आयो ।
मानव मानव विचमा ॥

शान्ति पाउने कामै हटाएर ।
कसरी पाउँछ शान्ति हामीलाई ।

जहाँ तहि अशान्ति बढायो ।
घरमा होस् समाजमा होस् ॥

सहनशील हताएर गयो ।
कहाँ पाउनु शान्ति हामीलाई ।

धर्म चेतना हराउँदै गयो ।
पाप चेतना बढ्दै आयो ॥

आमा बालाई आदर छैन ।
कहाँ पाउनु शुभ कर्म ॥

गुरू वर्गलाई अनादर गर्छे ।



Downloaded from http://www.dhamma.digital

शिक्षा कसरी पाएको भन्नु ॥

जति शिक्षा हासिल गऱ्यो ।
उतिनै अनपद भएर आयो ।

ज्ञान चक्ष्यु हटाएर गयो ।
अन्धकारले छोप्दै गयो ॥

गर्नु हुन्छ हुँदैन भने ।
ज्ञान जन्मै हराएर गयो ॥

आँखा भए पनि अन्धो भयो ।
सार वस्तु देख्न नसक्ने ॥

बन्नु पऱ्यो ज्ञानिजन ।
मूर्ख पना हटाउनु पऱ्यो ।

□□□

ले. माधवी



Downloaded from http://www.dhamma.digital

# असत्त पुरुष

अत्याचारी मानिसको विचमा ।
बाँच्नु नै बेकार हुन्छ ॥

त्यसैले बुद्ध वचनमा ।
मूर्खको बिचमा जन्म नहोस् ॥

हुने नहुने काम गरी ।
मनमा अशान्ति भिजाइ दिन्छ ॥

सार ज्ञान केही नभएर ।
व्यर्थमा जीवन बितिरहन्छ ॥

पाप देखि नदराइ प्राणी ।
जथाभावि चलिरहन्छ ॥

पछुताउ गरी रोइरहन्छ ।
दुःख भोग गरिरहन्छ ॥

□□□



Downloaded from http://www.dhamma.digital

# पापी नबन

पापी नबन हे मानव ।
नर्कमा जानु पर्ला होस गर ॥

जंगली स्वभाव निकाली ।
मंगल हुने नगुमाउनु ॥

मैत्री हटाइ मार्ने गरी ।
मानव हराई दानव नबन ॥

आपसमा मैत्री राखि हामी ।
दया माया गर्ने बानी गर ॥

मानव जीवन अमुल्य थानि ।
धर्म भाव अपनाइ हाल ॥

मुखमा राम राम गरी हामी ।
बगलिमा छुरा राखि नहिंड ॥

चोर्ने लुट्ने बानि नगर ।
आफ्नो जस्तो थानि गर ॥



Downloaded from http://www.dhamma.digital

नचाहिने कर्म गर्यो भने ।
सजायँ पाउँछ यस जन्ममा पनि ॥

परलोकमा जानेबेला ।
इति मिति गरी सास्ती हुन्छ ॥

दर छैन हे मानव ।
पाप कर्म गरी हिंडी ॥

भोग गर्नु पर्ला रोइ रोइ ।
दुःख भोग गर्नु पर्ला ॥

मानव जीवन अमूल्य सम्झी
मूल्य बनाउ हे मानव ॥

नराम्रो स्वभाव छोडेर
राम्रो काम गर्ने गर ॥

राम्रो व्यक्ति संगत गर ।
नराम्रो बाटो नलाग मानव ॥

धर्म कर्ममा अघि बढाइ ।
जीवन पार गर्ने कोशिस गर ॥

□□□



Downloaded from http://www.dhamma.digital

# धर्म

धर्म मन पर्छ मलाई ।
छल कपट मन पर्दैन मलाई ॥

धर्मले मनमा सुख दिन्छ ।
अधर्मले दुःख दिन्छ हामीलाई ॥

पाप देखि दर लाग्दैन पापीलाई ।
त्यसकारण पाप कर्म गर्दछन् ॥

शुद्ध मन मनपर्छ मलाई ।
पापी मन मनपर्दैन मलाई ॥

देव, भक्ति मात्र मन पर्दैन ।
कर्तव्य पालन गर्नु मन पर्छ ॥

देखावती धर्म मन पर्दैन मलाई ।
सत्य तथ्य मात्र मन पर्छ मलाई ।

भाषण मात्र मन पर्दैन मलाई ।
केवल काम मात्र मन पर्छ मलाई ।



Downloaded from http://www.dhamma.digital

भाषणले मात्र काम बन्दैन।
कार्यले मात्र काम बन्दछ॥

सबै मिली जुली काम गरौं।
देश विकासको मूल फटाउँ॥

यहि हो हाम्रो नारा।
यहि हो देशको नारा॥

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# लेखकको सहायक ग्रन्थहरू

१. मानवमय ज्ञान

२. मानव सभ्यता

३. मानव धर्म शिक्षा

४. जीवनको महत्व

समर्पित

## गुण वन्त आमालाई

Downloaded from http://www.dhamma.digital